# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पत्र संख्या:- २०८१/०८२

चलानी नम्बर :-

मिति : २०८२/०१/०३

ने.सं : ११४५ चौलागा, तृतीया, बुधवार

नगरप्रमुख विद्यार्थी ( प्राविधिक शिक्षा ) छात्रवृत्तिको लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना
( प्रकाशित मिति : २०८२/०१/०३ )

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आ.व. २०८१/८२ को स्वीकृत वजेट तथा कार्यक्रममा उल्लेख भएअनुसार शिक्षामा समन्यायिक पहुँच एवम् समता कायम हुनेगरी विपन्न नगरबासीहरुका सन्तानहरुलाई प्राविधिक शिक्षा अध्ययन गर्नको लागि देहायअनुसारको छात्रवृत्ति दिने कार्यक्रम रहेकाले देहायअनुसारको मापदण्ड पुगेका विद्यार्थीहरुलाई मिति २०८२/०१/१७ गते कार्यालय समयभित्र आवश्यक कागजातसहित शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरु :-**

१.जन्मदर्ता प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्रको छायाँकपी ।

२.माध्यामिक शिक्षा परीक्षा (SEE) उत्तीर्ण गरेको प्रमाणपत्रको छायाँकपी र सम्बन्धित विद्यालयबाट प्रमाणित ग्रेडसिटको इ कपी ।

३.कक्षा ६ देखी कक्षा १० सम्म सामुदायिक विद्यालयमा अध्ययन गरेको सम्बन्धित विद्यालयको सिफारिस पत्र।

४.सम्बन्धित वडाबाट विपन्नताको सिफारिस पत्र ।

**छात्रवृत्ति प्राप्त गर्ने आधारहरु :-**

१. पालुङटार नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी शैक्षिक शत्र २०८०को माध्यमिक शिक्षा परीक्षा (SEE) मा कम्तिमा 2.4 GPA प्राप्त गरेको हुनुपर्नेछ ।

२. प्राविधिक शिक्षा अध्ययन गर्न चाहेको पालुङटार नगरपालिकाभित्रका शैक्षिक संस्था वा शिक्षालयहरुमा सञ्चालन भएको प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

३. पालुङटार नगरपालिकको स्थायी वासिन्दा हुनुपर्नेछ ।

४. अन्य कुनै सरकारी तथा गैरसरकारी संघ संस्थाबाट वा शैक्षिक संस्था / शिक्षालयहरुबाट छात्रवृत्ति वा सेवा सुविधा प्रप्त नगरेको हुनुपर्नेछ ।

५. गत वर्ष यस नगरपालिकाबाट वितरण गरिएको नगरप्रमुख विद्यार्थी ( प्राविधिक शिक्षा ) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले यस वर्षको छात्रवृत्ति प्राप्त गर्न सम्बन्धित शिक्षण संस्थामा सञ्चालन भएको पहिलो र दोस्रो स्मेष्टर वा वार्षिक परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ साथै कुनै किसिमको दोहोरो छात्रवृत्ति प्राप्त नगरेको प्रमाणित हुनुपर्नेछ ।

२०८२/०१/०३
माधव पोखरेल
शाखा अधिकृत

Website: www.palungtarmun.gov.np, E-mail: palungtarmun@gmail.com
टोल फ्रि नं. १६६०६४४२००२
फोन नं. ०६४-४०००५३, ४०००९२, ४००००२

६. आवेदन फारम र विपन्नता सर्वेक्षण फारम शिक्षा, युवा तथा खेलकुद शाखा, पालुङटार नगरपालिकाबाट प्राप्त गर्न सकिनेछ र सम्बन्धित आवेदकले आ-आफ्नो वडाबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

छात्रवृत्ति कोटा र रकम सम्बन्धी विवरण :-

| क्र.सं. | प्राविधिक शिक्षा अध्ययन गर्न चाहेको विषय | छात्रवृत्ति रकम | कोटा | कैफियत |
|---|---|---|---|---|
| १. | विज्ञान | २५,०००/- | ५ जना | |
| २. | प्राविधिक विषयमा ३ वर्षे डिप्लोमा वा सो सरह | ५०,०००/- | १० जना | |
| ३. | विद्यालयमा आधारित कृषि प्राविधिक धार | २५,०००/- | ५ जना | |
| ४. | अघिल्लो वर्ष छात्रवृत्ति रकम प्राप्त गरेको विद्यार्थी | २५,०००/- | १० जना | |

**पुनश्चः तोकिए बमोजिमको कोटा पुरा हुन नसकेमा अन्य विषयमा कोटा थप गरिनेछ ।**

थप जानकारीका लागि:

माधव पोखरेल - शाखा अधिकृत - शिक्षा युवा तथा खेलकुद शाखा

सम्पर्क नं. ९८४१३६१९२३

२०८२/०१/०३

माधव पोखरेल

शाखा अधिकृत (आठौं तह)

माधव पोखरेल
शाखा अधिकृत